नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ति

**झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि कर (VAT) बिजकको प्रयोग गर्ने वरुण वेभरेज (नेपाल) प्रा.लि. (स्थायी लेखा नं. ३०००४५४९५) र यसका पूर्व तथा वर्तमान संचालकहरु अमित गुप्ता समेत ७ जना उपर रु.६४,९६,०२,३४०।- बिगो तथा बिगोको दोब्बर १,२९,९२,०४,६८०।- समेत जम्मा रु. १,९४,८८,०७,०२०।- (एक अर्ब चौरानब्बे करोड अठ्ठासी लाख सात हजार विस रुपैया) सम्म जरिवाना र ३ वर्ष कैद सजायको माग दावी काठमाडौं जिल्ला अदालतमा आज मिति २०७६-०९-०३ मा मुद्दा दायर गरिएको।**

वरुण वेभरेज (नेपाल) प्रा.लि. (स्थायी लेखा नं. ३०००४५४९५) ले राजस्व चुहावट गर्ने दुरासय राखी झुट्टा तथा नक्कली कर विजकको कारोवार गर्ने व्यक्तिहरुसँग मिलेमतो गरी वास्तविक रुपमा मालवस्तु खरिद नै नगरी झुट्टा तथा नक्कली कर विजक जारी गर्ने प्रयोजनका लागि योजनाबद्ध तरिकाले दर्ता गरिएका फर्महरुबाट जारी गरेका झुट्टा तथा नक्कली कर विजक खरिद गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित ऐ. ऐनको दफा ४ को (क) र (ख) बमोजिमको कसुर गरेको पुष्टि भएकोले वरुण वेभरेज (नेपाल) प्रा. लि.बाट १ अर्ब ६० करोडको बैक जमानत लिई यसका प्रतिवादीहरु वरुण वेभरेज (नेपाल) प्रा. लि. र यसका पूर्व तथा वर्तमान संचालकहरु विरुद्ध **रु.६४,९६,०२,३४०।- (अक्षेरेपि चौसठ्ठी करोड छयान्नब्बे लाख दुई हजार तीन सय चालीस मात्र)** राजस्व चुहावट गरेको अभियोगमा राजस्व अनुसन्धान विभागले आज मिति २०७६-०९-०३ गते काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । विभागले गरेको अनुसन्धानबाट यस प्रा.लि.ले आ.व. २०७०/०७१ देखि २०७५/०७६ सम्ममा झुट्टा तथा मू. अ. कर बिजकको कारोवारबाट मू. अ. करतर्फ **रु.२५,३४,०६,९४०।- (अक्षेरेपि पच्चीस करोड चौंतीस लाख छ हजार नौ सय चालीस मात्र)** र आयकर तर्फ लाभांश समेत गरी **रु.३९,६१,९५,४००।- (अक्षेरेपि उनान्चालीस करोड एकसठ्ठी लाख पन्चान्नब्बे हजार चार सय)** गरी कूल रकम **रु. ६४,९६,०२,३४०।- (अक्षेरेपि चौसठ्ठी करोड छयान्नब्बे लाख दुई हजार तीन सय चालीस मात्र)** राजस्व छली गरेको देखिएकोले छली भएको कूल रकम रु.६४,९६,०२,३४०।- लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २ छ(१) बमोजिम बिगो कायम गरी उक्त बिगो रकम ऐ. ऐनको दफा २३ बमोजिम प्रतिवादी **वरुण वेभरेज (नेपाल) प्रा.लि. र यसका पूर्व तथा वर्तमान संचालकहरु अमित गुप्ता, रविकान्त जयपुरिया, रोहित कोहली, प्रविन कुमार अग्रवाल, बिनोद सिंह भनिने बिनोद कुमार सिंह र अशोक कुमार**बाट असुल उपर गर्ने तथा प्रतिवादीहरुलाई ऐ. ऐनको दफा २३ (१) बमोजिम बिगोको दोब्बरसम्म जरिवाना तथा ३ (तीन) वर्षसम्मको कैद सजायको माग दाबी लिई आज मिति २०७६-०९-०३ गते काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ ।

**सूचना अधिकारी**